# गोर्खा पेन्सनको चिरफार

================

**- डा. चन्द्र लक्सम्बा**

(सत्यतथ्य मासिकमा प्रकाशित)

ब्रिटिश गोर्खाहरुको समान तलब, पेन्सन र सुबिधाको आन्दोलनले पनि २४ वसन्त पार गरिसकेको छ । २४ वसन्तको संघर्षसँगै आधा दर्जन जति जुझारु गोर्खा संस्थाहरु नेपाल र बेलायतमा जन्मिएका छन् । यी संस्थाहरुको कार्यनीति भिन्दा भिन्दै भए पनि सबैको उद्देश्य भने एउटै छ। त्यो भनेको समान तलब, पेन्सन र सुबिधाको आन्दोलनलाई माग पुरा नभएसम्म कुटनैतिक, राजनैतिक र कानुनी अस्त्रको प्रयोग गर्दै निरन्तरता दिनु हो । यसर्थ यो लेखले विशेष गरेर ब्रिटिश गोर्खाहरु कति छन्, उनीहरुको पेन्सन हालमा कति छ, पाउनु पर्ने कति हो, बेलायत सरकारले अन्याय र असमानता कसरी गरेका छन् र संघर्षबाट के कति उपलब्धि हासिल भएका छन् भन्ने विषयहरुलाई तथ्यांक सहित अघि सारेको छ ।

ब्रिटिश गोर्खाहरु कति छन् भन्ने प्रश्नमा, पहिलो विश्वयुद्ध लडेका गोर्खाहरु अहिले कोही पनि जीवित छैनन् । तर अनुमानित ५,००० को संख्यामा दोश्रो विश्वयुद्धका वृद्ध गोर्खा योद्धाहरु नाजुक आर्थिक अनि भौतिक स्तिथीमा नेपालका पूर्वदेखि पश्चिमका गाउँहरुमा जीवनयापन गरिरहेकाछन् जसको कुनै लेखाजोखा नै छैन । यो बिषयलाई सेन्टर फर नेपाल स्टडीज युके (सिएनएसयूके)को प्रतिवेदन २०१३ ले पनि प्रस्ट्याएकोछ । उनीहरुको पेन्सनको बदोबस्त र स्वास्थ्यको हेरचाह बेलायत सरकारले गर्नुपर्ने यो पंक्तिकारको दावी छ ।

दोश्रो विश्वयुद्ध अन्त्य भएको ३ वर्ष पश्चात, सन् १९४८ मा बेलायतले भारतलाई स्वतन्त्रता दिएपछि ४ वटा रेजिमेन्टमा १४,५०० गोर्खाहरूलाई भारतबाट मलेसिया, बोर्नेयो र सिंगापुरमा आफ्नो साथ लिएर गयो । मलेसियाको आन्तरिक युद्ध र इन्डोनेसियासँगको युद्धमा गोर्खाहरुले लडे । युद्ध सकिएपछि १९६९ देखि १९७४ को अवधिमा बेलायत सरकारले ८,५०० गोर्खाहरुलाई बिना पेन्सन ४ वर्ष नोकरी गरेकालाई ३०० पौण्ड, ६ वर्ष गरेकालाई ३२० पौण्ड र ९ वर्ष नोकरी गरेकालाई ३६० पौण्ड बक्सीस मात्र दिएर घर फर्कायो । अहिले पनि ६,५३४ औशत ६८ वर्ष उमेर पुगेका सर्भिस पेन्सन नपाएका गोर्खा भेट्रानहरु बेलायत र नेपाल दुवै देशमा छन् । जो बेलायत आउन सके उनीहरुले पेन्सन क्रेडिट (भत्ता), घर भाडा, निशुल्क स्वास्थ्य सेवा र यातायात सुविधाहरु पाएकाछन् । तर परिवार बिछोडका कारण पूर्ण सन्तुष्ट छैनन् । पाखुरी बजारेर खाने नेपाली, भत्ता खाएर बस्न आत्मादेखि सन्तुष्ट नभएको बताउँछन् । बेलायत सरकारले पेन्सन दिए नेपाल नै फर्कने मनशाय ब्यक्त गर्दछन् । भिसा र हवाइजहाजको टिकट किन्ने पैसा नभएकाहरु बेलायत आउन सकेका छैनन् । गरिवीको रेखामुनि भएको प्रमाणित भएकाछन् भने उनीहरुले गोर्खा वेलफेयर ट्रस्टको गरिबी भत्ता ४० पौण्ड महिनावारी पाउने गर्छन् । प्रायः सबै गरीव अनि दुःख पाएका छन् तर गोर्खा वेलफेयर ट्रस्टको गरीवी भत्ता भने सारै कम्तिले मात्र पाएका छन्। यसमा थप सन् १९७५ देखि १ जुलाई १९९७ सम्ममा ५४२ जनालाई बिभिन्न कारणबस बिना पेन्सन घर पठाएको बेहोरा बेलायती रक्षा मन्त्रालयले ‘सूचना स्वतन्त्रता ऐन २०००’ बमोजीम

जानकारी गराएको छ । त्यसैले हालमा जम्मा ७,०७६ बिना सर्भिस पेन्सनका गोर्खा भेट्रानहरु बेलायत र नेपालमा छन् ।

गोर्खा पेन्सनको छलफलमा बुझ्नै पर्ने केही विषयहरुछन् जस्तै: १ अक्टोबर १९९३ भन्दा अघी भर्ति गरिएका र १ जुलाई १९९७ भन्दा अगावै पेन्सन भएका साथै १ जुलाई १९९७ पछि पेन्सन भएका तर २२ वर्ष नोकरी नपुगेका गोर्खाहरुलाई दिईने पेन्सनलाई गोर्खा पेन्सन स्किम (जीपीएस) भनिन्छ । ब्रिटिश रक्षा मन्त्रालयले फेब्रुवरी २०१४ मा अवगत गराएको तथ्यांक अनुसार १५,९०० सर्भिस पेन्सनर र ७,५०० विधवा पेन्सनरले जीपीएस पेन्सन पाऊने गर्दछन् । त्यस्तैगरी ब्रिटिश सिपाहीहरु लगायत १ अक्टोबर १९९३ पछि भर्ति भएका गोर्खाहरुले पाउने पेन्सनलाई आर्मड फोर्सेस पेन्सन स्किम (एएफपीएस) भनिन्छ । ८ मार्च २००७ देखि १ अक्टोबर १९९३ भन्दा पछि भर्ति गरिएका गोर्खाहरुलाई ब्रिटिश सिपाही सरह समान एएफपीएस पेन्सन, तलब, भत्ता दिने र समान वेलफेयरको हकदार हुने निर्णय र निर्णयको कार्यान्वयन बेलायत सरकारले गर्यो । जुन कुरो भनौं सन् १९४७ सालको नोभेम्बर ९ तारिख त्रिपक्षीय सन्धिको हस्ताक्षर हुनु अघि बेलायत सरकारको नेतृत्व गरेर आएको टोली समक्ष नेपालीमाथि लाग्नसक्ने भाडाका सिपाहीको कलंकको जिकिर गर्दै गोर्खाहरुलाई समान पेन्सन, तलब, भत्ता र वेलफेयर दिनु पर्ने बिषयलाई नेपाल सरकारले लिखित रुपमा पेश गरेको थियो । यसको जवाफमा बेलायत सरकारले आफ्नो आर्थिक स्थिति सहज हुने साथ् समान पेन्सन, तलब, भत्ता र समान वेलफेयरको व्यवस्था मिलाई दिने भन्ने थियो। तर दुर्भाग्यबस ६० वर्षसम्म भनौं सन् १९४७ देखि २००७ सालको ८ मार्चसम्म नेपालीले भाडाको सिपाही भएर नोकरी गर्नु पर्यो । तर अझै पनि १ अक्टोबर १९९३ भन्दा अगडि ब्रिटिश सेनामा भर्ति भएका नेपालीहरु समान पेन्सन नपाएसम्म भाडाका सिपाही नै रहिरहनेछन् भन्दा कुनै अत्युक्ति नहोला ।

सन् १९९० को दशकमा जतिबेला गोर्खाहरुले समानताको संघर्ष सुरुवात गरेका थिए त्यसताका गोर्खाहरुको जीपीएस पेन्सन र ब्रिटिशहरुको एएफपीएस पेन्सनमा आकाश पातालको फरक थियो । उदाहरणको लागि डब्लूओवान दर्जामा १०५८ र क्याप्टेन दर्जामा १०४७ प्रतिशतको अन्तर थियो जसलाई टेबल १ मा देखाईएको छ । गोर्खा डब्लूओवान भन्दा तल्लो दर्जा सबैको पेन्सन औसत १०५८ प्रतिशतले ब्रिटिश पेन्सन भन्दा कम थियो ।

जसरी गोर्खा संस्थाहरुले समान अधिकारको मुद्दालाई क्रमिकरुपमा नेपाल अनि बेलायत दुवै देशका सडक देखि सदन, सर्बोच्च र उच्च अदालत साथै युरोपियन मानव अधिकारका अदालतमा जाहेरी गरे त्यसरी नै ब्रिटिश र गोर्खा सिपाहीमा रहेको पेन्सनको दुरीलाई बेलायत सरकारले क्रमिकरुपमा घटाउँदै ल्याएको सिएनएसयूकेको प्रतिवेदन २०१३ ले देखाएको छ । बेलायत सरकारले सबैभन्दा बढी सन् १९९८ र १९९९ को आर्थिक वर्षमा २०० प्रतिशतले गोर्खा पेन्सनलाई बढाएर ब्रिटिश पेन्सनसँगको दुरीलाई एक्कासी धैरै छोट्याएको थियो । तर अझै पनि समग्र गोर्खाहरुले पाउदै गरेको जीपीएस पेन्सन ३८१ प्रतिशतले ब्रिटिश अनि १ अक्टोबर १९९३ पछि भर्ति भएका गोर्खाहरुले पाउने एएफपीएस पेन्सन भन्दा कम छ जसको तुलना टेबल २ मा गरिएको छ । गोर्खा संघर्षको एउटा प्रमुख माग नै यो ३८१ प्रतिशतको अन्तर समान हुनुपर्छ भन्ने हो ।

त्यस्तैगरि सन् १९९३ को १ अक्टोबर भन्दा पहिले ब्रिटिश सेनामा भर्ति भएका र २२ वर्ष नोकरी पुरा गरेका २,१६१ गोर्खा पेन्सनरहरुलाई जीपीएस र एएफपीएस पेन्सनको मिश्रित पेन्सन दिएको छ । यो मिश्रित पेन्सनको प्रकृति हेर्दा यसले झन् बढी असमानता र अन्याय गरेको देखिन्छ जस्तैस् १ जुलाई १९९७ भन्दा अगाडिको नोकरीलाई एएफपीएस पेन्सन दिँदा सैनिक दर्जा अनुसार २२ प्रतिशत देखि ३६ प्रतिशत मात्र दिएको छ जुन टेबल ३ मा प्रतिशतलाई वर्षमा हिसाब गरेर देखाईएको छ ।

१ जुलाई १९९७ पछिको नोकरी र पेन्सनको हकमा १ वर्ष बराबर १ वर्षकै पेन्सन दिएको छ । त्यसैले यो प्रणाली मिश्रित छ जुन कुरालाई सिएनएसयूकेको गोर्खा पेन्सन सम्बन्धीको प्रतिवेदन २०१३ मा उल्लेख गरेको छ । यो समुहलाई कुनै पनि आधार बेगर १ जुलाई १९९७ अगाडिको नोकरीलाई औशत ३.५० (साढे तीन) वर्ष बराबर १ वर्षको मात्र पेन्सन दिनु भनेको अन्याय र मानव अधिकारको पूर्ण हनन गर्नु हो । १ अक्टोबर १९९३ पछी भर्ति भएर पेन्सन भएका गोर्खा पेन्सनर र विधुवा पेन्सनरहरु को संख्या २८० छ । यो समुहले ब्रिटिश समान पेन्सन पाएका छन् ।

समग्रमा भन्नु पर्दा गोर्खा भेट्रानहरुलाई पेन्सनको आधार मानेर ४ भागमा विभाजित गर्न सकिन्छ जस्तैस् पेन्सन नभएका, जीपीएस पेन्सनर, जीपीएस र एएफपीएस मिश्रित पेन्सनर र एएफपीएस पेन्सनर । पेन्सन पाउनेहरुमा पनि एकै दर्जा, बराबर अवधि नोकरी गरेका गोर्खाहरुको पेन्सनमा फरक टेबल ४ मा दिईएको छ। अब ब्रिटिश सिपाही समान पेन्सन देउ भन्नु भन्दा पनि १ अक्टोबर १९९३ पछि भर्ति भएका गोर्खाकै समान पेन्सन देउ भन्नु पर्ने समय आएको छ ।

सबै गोर्खा संस्थाहरुले गोर्खाहरुलाई गरिएको अन्यायहरुको विरुद्धमा बुलन्द आवाज निकालेका छन् । नेपालको सर्बोच्च अदालतदेखि बेलायतको उच्च न्यायलयहरुमा मुद्दा दायर गरेका थिए भने हालमा युरोपियन युनियनको मानव अधिकारको अदालत स्टारसबर्ग, फ्रान्समा मुद्दा दायर गरेका छन् । सन् २००३ मा पेन्सनको मुद्दा नेपाल सरकारको माग अनुसार गोर्खाहरूलाई पेन्सन भएपछि नेपालमानै पठाउनु पर्ने भएको भन्दै बेलायतको हईकोर्टमा मुद्दा हराईएको थियो । सन् २००७ सालमा, १ अक्टोबर १९९३ पछी भर्ति भएकाहरुलाई ब्रिटिश सरह समान तलब र पेन्सन दिंदा पनि १ अक्टोबर १९९३ अघि भर्ति भई १ जुलाई १९९७ साल अघि पेन्सन भएकाहरु नेपाल नै जानुपर्ने र नेपाललाई सुहाउने जीपीएस नै खानु पर्ने विषयलाई २००३ को हाईकोर्टको फैशलालाई नजिर बनाएर सदर गरिएको थियो । तर सन् २००९ मा सेटलमेन्टको मुद्दामा हईकोर्टको फैसला, बेलायती सदनको बहस र मतदान पश्चात ४ वर्ष भन्दा बढी नोकरी गरेका सबै गोर्खाहरुलाई बेलायत बस्न अनि नागरिकता लिने आधिकारको निर्णयले सेटलमेन्टको मात्र नभएर २००३ सालको पेन्सन मुद्दाको फैसलालाई पनि बदर गरिदिएको छ । तर बेलायत सरकारले यी सबै कुराको बेवास्था गरेर गोर्खाहरूलाई अन्याय गर्ने कार्य यथावत जारी राखेको हुँदा गोर्खाहरुले बाध्य भएर नेपाल र बेलायत दुवै देशका सदनहरुमा आवाज उठाउनु पर्यो, सडक तताउनु पर्यो, आमरण अनशन बस्नका साथै युरोपियन युनियनको मानब अधिकारको अदालत स्टारसबर्ग, फ्रान्समा मुद्दा दायर गर्न बाध्य हुनु पर्यो । गोर्खाहरु समानताका लागि मर्न परे पनि मर्न तयार भएको बताउँछन् । यसचोटी पनि माग पुरा भएन भने माग पुरा गराउनको लागि १० गोर्खा

राइफल्सका भूतपूर्व कर्पोरल २१११६३३०६ कृष्णबहादुर राई आमरण अनशन बस्न तयार भएको घोषणा गरेका छन् ।

गोर्खाहरुको संघर्षले २४ वसन्त पार गरेर २५ लाग्दा धैरै भूतपूर्व गोर्खाहरुले यो संसार छोडेर गईसकेका छन् । गएको अगस्त महिनामा मात्र समान पेन्सनको आशा र कुरा गर्दै ४ जना भूतपूर्व गोर्खाहरुको देहवसान भएको छ । एकजना जो बितेर जानु हुनेले त वहाँको अन्तिम दिनको बिहान मात्र यो पंक्तिकारलाई टेलिफोने गरेर पेन्सनको बारेमा सोध्नु भएको थियो, बेलुका त बित्नु भएछ । अहिले वृद्ध गोर्खाहरुको संख्या युवाहरु भन्दा बढी छन् । कारण सन् १९५० देखि ७० को दशकसम्म धैरै संख्यामा भर्ति हुने गर्दथे । त्यसैले गोर्खाहरुको उमेर पुगेर मर्ने क्रम पनि दिनानुदिन बढ्दै गएको छ। सिएनएसयूकेको २०१३ को गोर्खा पेन्सन सम्बन्धीको प्रतिवेदनमा सन् १९९७ देखि २०११ सम्मको गोर्खा पेन्सनरहरुको मृत्यु दरलाई विश्लेषण गरेर हेरेको ग्राफ १ तल प्रस्तुत गरिएकोछ । जसअनुसार मृत्यु दर प्रति वर्ष बढेर गएको देखिन्छ । यही गतिमा भूपू गोर्खाहरुको मृत्यु हुने हो भने अबको १५ वर्षमा बिना सर्भिस पेन्सनका ६,५३४ जना प्राय सकिने देखिन्छ । त्यसरी नै १५,९०० सर्भिस पेन्सनर र ७,५०० विधवा पेन्सनर साथै सन् १९७५ पछि पेन्सन बेगर घर पठाइएका ५४२ जना अबको ३० वर्षमा १ देखि २ हजार मात्र बाकी रहने अनुमान गर्न सकिन्छ । उदाहरणको लागि रक्षा मन्त्रालयले २०१३ को फेब्रुअरी महिनामा १६,०६५ जीपीएस पेन्सनरहरुको संख्या दिएको थियो भने २०१४ को फेब्रुअरी महिनामा १५,९०० को संख्यामा दिएकोछ । यसले एक वर्षमा १६५ जना जीपीएस पेन्सनरहरु मरेर गएको देखाउछ ।

माथि उल्लेखित सत्यतथ्यहरुलाई हेर्दा गोर्खाहरूलाई बेलायत सरकारले अन्याय गरेको कुरो लाई लुकाएर लुकाउने कुनै ठाउँ नै छैन । यो मुद्दालाई सिएनएसयूकेको २०१३ को गोर्खा पेन्सन सम्बन्धी प्रतिवेदनले पनि छर्लङ्ग पारिदिएको छ । बेलायत सरकारले गोर्खा पेन्सनरहरुलाई ‘उचित’ पेन्सन दिएको दावी गर्दै आएको छ । बेलायत सरकारले गोर्खा पेन्सनरहरुलाई ‘उचित’ होईन ‘समान’ पेन्सन दिनुपर्छ। देशको हित र रक्षाकोलागि ज्यानको बाजी थाप्ने, देशको नागरिक हुने अनुमति पाईसकेका र कति त बेलायती नागरिक भईसकेका गोर्खाहरुलाई समान पेन्सन नदिनु भनेको त आफ्नै नागरिक माथि दुई प्रकारको व्यवहार गर्नु हो जुन प्रजातान्त्रिक आभ्याश कै समस्या (Crisis in Democracy) हो भने प्रजातन्त्रको जननी भन्ने देश बेलायतको लागि लजास्पद कुरो हो ।